# नेपाली राजदूतावास
# EMBASSY OF NEPAL
# ISLAMABAD

मितिः २०८२/०७/१८

## सूचना

पछिल्लो समयमा आकर्षक रोजगारीको प्रलोभन देखाई बिजिनेस/ टुरिष्ट भिसामा नेपालीहरूलाई मध्य एशियाको मुलुक उज्वेकिस्तानमा लैजाने गरिएको र यसरी त्यहाँ पुग्नेहरूले काम नपाएको/अलपत्र परेको/ठगिएको गुनासो गर्दै उद्दारका लागि यस नियोगमा अनुरोध गर्नेको संख्या बढ्दै गइरहेको छ। उज्वेकिस्तानमा नेपालको राजदूतावास वा कन्सुलर अफिस नरहेको तथा अवैतनिक कन्सुल जनरल/कन्सुल समेत नियुक्त भइनसकेकोले समस्यामा पर्नेहरूको उद्दार गर्न एवं अन्य कन्सुलर सहायता उपलब्ध गराउन कठिन रहेको छ। साथै, इस्लामावादस्थित उज्वेकस्तानको राजदूतावासका अधिकारीहरूसँग कुराकानी हुँदा सो मुलुकमा अदक्ष र अर्धदक्ष कामदारको माग नरहेको जानकारी प्राप्त भएकोले यस नियोगबाट सन् २०२५ मा कुनै मागपत्रको प्रमाणिकरण भएको छैन।

**तसर्थ,**

- **उज्वेकिस्तान सरकारका अधिकारीहरूले सो देशमा विदेशी कामदारहरू (अदक्ष र अर्धदक्ष) को माग नरहेको जानकारी गराएकोले आकर्षक रोजगारीको प्रलोभनमा परी कसैलाई रकम नबुझाउन तथा उज्वेकिस्तान नजानुहुन,**
- **उज्वेकिस्तानमा Over Stay गरेमा उक्त मुलुकको कानून अनुसार जरिवाना तथा जेल सजाय समेत हुनसक्ने विषयमा सचेत हुनुहुन,**
- **जुनसुकै देशमा रोजगारीका लागि जाँदा श्रम स्वीकृति लिएर मात्र जानुहुन,**
- **उज्वेकिस्तानमा लामो समय बसी व्यापार व्यवसायको स्वामित्व समेत भएमात्र तेश्रो मुलुकका लागि भिसा आवेदन गर्न सकिने भएकोले युरोप र अमेरिका लगायतका तेश्रो मुलुकमा लैजाने प्रलोभनमा पारी उज्वेकिस्तानमा लैजाने र त्यहीं अलपत्र पार्ने जोखिमप्रति सजग हुनुहुन, तथा**
- **उक्त देशमा रहेका बखत बिरामी परेमा वा दुर्घटना भएमा उपचार गर्न ठूलो खर्च लाग्नसक्ने र यस्तो खर्च स्वयंले बेहोर्नुपर्ने विषयमा स्पष्ट हुन**

**सम्बन्धित सबैको जानकारीका लागि यो जरूरी सूचना जारी गरिएको छ।**